नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १८३ २०७९ साल फागुन ६ गते शनिबार (18 Feb. 2023 Saturday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारी अस्पताललाई स्वास्थ्य... ३ पृष्ठमा : यसपटक विद्यार्थीले समयमै ... ३ पृष्ठमा टर्कीमा भूकम्प गएको ११...

# शौचालय भित्र शरीरमा आगो लगाई महिलाले गरिन आत्महत्या

**दैनिक समाचारदाता**
**राजविराज, ५ फागुन ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ४ मा एक महिलाले शौचालय भित्र आफ्नो शरीरमा आगोलगाई शुक्रबार आत्महत्या गरेकी छिन् ।

सो वडाका राजकुमार साहको ४० वर्षिया श्रीमती राजुदेवीले घरमा कोही नभएको अवस्थामा घर आंगनमै रहेको शौचालयभित्र आफ्नो जिऊमा आगो लगाई आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

शौचालयभित्र पसि जिऊमा आगो लगाएको बारे स्थानियले खबर गरेपछि पुगेको प्रहरी टोलीले उनको जलेको अवस्थामा मृत शरीर शौचालय भित्रबाट बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

मृतकको शव पोष्टमार्टमका लागि स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा पुर्‍याई घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । आत्महत्याको कारण खुल्न नसकेपनि घरायसी विवाद र तनावका कारण ती महिलाले यस्तो बाटो रोजेको हुनसक्ने अनुमान गरिएको छ ।

जिल्लामा आत्महत्याको घटनामा बृद्धि भइरहेका बेला शुक्रबार थप एक महिलाले आगो लगाई आत्महत्या गरेपछि एक महिनाको अवधीमा आत्महत्या गर्नेको संख्या ८ पुगेको छ ।

चालु आर्थिक वर्ष २०७९/८० को हालसम्ममा भने विष सेवन, झुण्डिएर, पोखरी र नदीमा हामफालेर तथा आगो लगाएर आत्महत्या गर्नेको संख्या ६२ पुगेको छ ।

# मोटरसाइकल ठोक्किदा एकको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, ५ फागुन ।**

मामाको घरबाट वैवाहिक कार्यक्रममा सहभागी भई फर्किदै गरेको अवस्थामा मोटरसाईकल दुर्घट्नामा परी एक जनाको ज्यान गएको छ ।

शुक्रवार विहान भएको सो दुर्घट्नामा राजविराज नगरपालिका ११ निवासी बालेश्वर यादवका २४ वर्षिय छोर प्रदिप कुमार यादवको ज्यान गएको हो ।

वैवाहिक कार्यक्रम सकेर मामाघर डिमनबाट फर्किदै गर्दा महदेवा गाउँपालिका सडकखण्डमा विजुलीको पोलमा उनी सवार को२८प ६५८६ नम्बरको मोटर साइकल ठोकिएको प्रहरीले जनाएको छ ।

टाउको र छातीमा गम्भीर चोट लागेका उनलाई उपचारका लागी स्थानीय गजेन्द्र नारायण सिह अस्पताल पुर्‍याइएको थियो । उपचारकै क्रममा उनको मृत्यु भएको जनाइएको छ । मृतकको शवको पोष्टमार्टम पश्चात आफन्तलाई जिम्मा लगाई घट्नाबारे थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

# राजविराज नपाको सुचनाको अवज्ञा



**दैनिक समाचारदाता**
**राजविराज, ५ फागुन ।**

राजविराज नगरपालिका कावाप्रमुख इसरत परविनद्वारा जारी गरिएको सुचनाको स्थानिय ब्यापारीहरुले अवज्ञा गरेका छन ।

फागुन २ गते कावाप्रमुख परविनले जारी गरेको सुचनाको म्याद बिहीबार सकिएको छ । उक्त म्याद सकिएपनि स्थानिय ब्यापारीले सो सुचनाको अवज्ञा गरिरहेका छन ।

फागुन २ गते नगरपालिकाद्वारा जारी सुचनामा राजविराज नगरपालिका ७हुलाकी सडक अर्न्तगत राम मन्दिरदेखि जिल्ला प्रशासन कार्यालय अगाडी हुदै राजबीराज.-रुपनी रोड चौकसम्म सडक तथा फुटपाथमा फलफुल, तरकारी, ठेलागाडीमा चटपटी, पान पसल, चिया पसल राखी सरसामान किनबेच एवं अव्यवस्थित रुपले सडक फुटपाथमा लेखापढी कार्य तथा अव्यवस्थित पार्किङ गरी आम जनसमुदायलाई आवतजावत तथा त्यस क्षेत्रमा रहेको विभिन्न कार्यालयहरुको कामकाजमा समेतमा कठिनाइ भएकोले ४ गते भित्र हटाइ सडक तथा फुटपाथ पुर्ण रुपमा खुल्ला राख्न अनुरोध गरिएको थियो ।

# फरार दुई प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ५ फागुन ।**

ज्यान मार्ने उद्योग र लागु औषध मुद्दाका फरार दुई प्रतिवादीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

राजविराज नगरपालिका वडा नं. १५ निवासी ५५ वर्षिय पशुराम शर्मा ज्यान मार्ने मुद्दा तथा ४० वर्षिय सुनिल कुमार यादव लागु औषध मुद्दामा पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार ज्यान मार्ने उद्योग मुद्दाका शर्मालाई जरिवाना कैद नखुले पनि यादवलाई तीन महिना कैद तथा ५ हजार जरिवाना अदालतले तोकेको थियो । प्रहरीले दुबै जनालाई राजविराज २ तेतरिगाछिबाट पक्राउ गरि आवश्यक कारवाहीका लागि जिल्ला अदालत सप्तरीमा बुझाएको जनाईएको छ ।

# ससुराली घरमा विष सेवन गरि आत्महत्या

**दैनिक समाचारदाता**
**राजविराज, ५ फागुन ।**

ससुराली घर आएको बेला एक युवकले विष सेवन गरी आत्महत्या गरेका छन् ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ४ मधवापुर वस्ने २७ वर्षिय विशाल सदाले शुक्रवार आत्महत्या गरेका हुन् ।

ससुराली घर सोही नगरपालिका वडा नं ३ गिदखोरा पुगेका वेला भएको खटपटका कारण आवेश आएर उनले विष सेवन गरेको स्थानीयले बताएका छन् ।

सदाले "सेल्फस" नामक विषादी प्रयोग गरेको पाइएको प्रहरीले जनाएको छ । विष सेवनबाट वेहोस भएका उनलाई तत्कालै भारदह अस्पताल पुर्‍याइएको थियो तर त्यहाँ उपचार सम्भव नभएपछी धरान स्थित विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएकोमा उपचार कै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश कुमार सिहले ससुरालीमा आएर विष सेवन गरेको खुले पनि कारण भने खुल्न नसकेको र यसबारे आवश्यक अनुसन्धान भइरहेको बताएका छन् ।

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईंकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**
**बिरामी जाँचको समय** : बिहान ८:३० देखि ५:०० बजेसम्म

**बोलबम !**  **बोलबम !!**  **बोलबम !!!**

**यही मिति २०७९ साल फाल्गुन ६ गते महाशिवरात्री पर्व पर्न गएको हुँदा सो अवसरमा सप्तकोशी ब्यारेजको पवित्र जल काँवरमा ल्याई प्राचीन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिरमा जल रिसाल गरी पूण्यको भागी बनौं ।**

**अनुरोधकर्ता**
**श्री हरिनन्देश्वर महादेव मन्दिर**
**संरक्षण, सम्बर्द्धन समिति, राजविराज**

# राष्ट्रिय हितलाई तल पार्न खोजियो : अध्यक्ष ओली

काठमाडौँ, ५ फागुन (रासस) । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले नेपालको भौगोलिक अखण्डता र राष्ट्रिय हितलाई तल पार्न खोजिएको टिप्पणी गर्नुभएको छ ।

एमालेले शुक्रबारदेखि सङ्गठन सुदृढीकरण तथा विस्तार गर्नका लागि सञ्चालन गरेको दुई महिने 'मिसन ग्रासरुट' अभियानको पार्टी मुख्यालयबाट भर्चुअलरूपमा उद्घाटन गर्दै उहाँले स्वतन्त्र नेपाल आफैँ उभिन खोज्दा नदिने र मनोबल गिराउन खोजिएको तर्क गर्नुभयो ।

देशभक्त शक्तिलाई समाप्त पार्न र परिवर्तनकारी शक्तिलाई पराजित गर्न खोजिएको भन्दै उहाँले अब राष्ट्रिय राजनीति नयाँ उचाइमा जानेसमेत बताउनुभयो । उहाँले न्यायको पक्षमा चल्न खोज्ने शक्तिलाई कमजोर बनाउन खोजिएको धारणा राख्नुभयो । एमाले अध्यक्ष ओलीले आंशिक हिसाबले नेपालको स्वाधिनतालाई दबाउने र खण्डित गर्ने प्रयास गरिएको उहाँको भनाइ थियो । उहाँले सत्ताका लागि घुँडा टेक्ने र देशका लागि योगदान दिन तयार रहने शक्तिबीच लडाइँ भइरहेको धारणा राख्नुभयो ।

सत्ता नै सबथोक हो भनेर लाग्ने शक्तिले मुलुकको भौगोलिक अखण्डतामा मिचे पनि केही नबोल्ने गरेको आरोप लगाउँदै अध्यक्ष ओलीले नेपाललाई अतिक्रमित बनाउन खोजिएकोसमेत बताउनुभयो । एमालेले नै लोकतन्त्रलाई बलियो बनाउने बताउँदै उहाँले मिसन ग्रासरुट अभियानबाट एमालेलाई पहिलो शक्ति बनाउने दाबी गर्नुभयो । अध्यक्ष ओलीले आगामी निर्वाचनमा कसैको वैशाखीमा नटेकी एक्लै चुनावी मैदानमा जाने बताउनुभयो । "अबको हाम्रो मिसन ५१ प्रतिशत भोट हो", उहाँले भन्नुभयो, "निर्वाचनमा हामी कसैको पनि वैशाखी नटेकी लड्छौँ ।"

अध्यक्ष ओलीले पार्टीको विचारमा अन्योल र समस्या नभएको भन्दै अभियानले पार्टीलाई थप मजबुद बनाउने बताउनुभयो । उहाँले अभियानले पार्टीलाई वैचारिकरूपमा सशक्त र साङ्गठनिकरूपमा सुदृढ, अनुशासित र एकताबद्ध बनाउने बताउनुभयो । अभियानमा एमालेका महासचिव शङ्कर पोखरेलले अभियानले जनताका बीचमा गएर पार्टीलाई व्यवस्थित गरिने बताउनुभयो । उहाँले अभियानका क्रममा पार्टी सदस्यता वितरण, सदस्यता नवीकरण, सङ्गठन विस्तार गर्ने, नवयुवालाई पार्टी प्रवेशजस्ता कार्य गर्ने बताउनुभयो । उहाँले अभियानका क्रममा पार्टीको आन्तरिक एकतालाई पनि बलियो बनाउनुभयो ।

अभियानकै क्रममा एमालेले शुक्रबार सात प्रदेशमा अभिमुखीकरण कार्यक्रम राखेको छ । अभियानको अनुगमन र संयोजनका लागि पार्टीका उपाध्यक्षदेखि स्थायी कमिटीसम्मका नेता खटिनुहुने भएको छ । अभियानमा प्रदेश नं १ मा उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, मधेस प्रदेशमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, बागमती प्रदेश उपाध्यक्ष सुरेन्द्र पाण्डे, गण्डकी प्रदेशमा उपाध्यक्ष युवराज ज्ञवाली,

*बाँकी तीन पृष्ठमा*

# सरकारी अस्पताललाई स्वास्थ्य विज्ञानको शैक्षिक केन्द्रका रुपमा विकास गर्दैछौँ : प्रधानमन्त्री

काठमाडौँ, ५ फागुन (रासस) । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सरकारी अस्पताललाई स्वास्थ्य विज्ञानको शैक्षिक केन्द्रका रूपमा विकास गर्दै जाने सरकारको सङ्कल्पमा सबैको सहयोग र प्रतिबद्धता प्राप्त हुने विश्वास व्यक्त गर्नुभएको छ ।

"अस्पताललाई चिकित्सा शिक्षा र तालिम केन्द्रका रूपमा रूपान्तरण र विकास नगरी सुलभ, प्रभावकारी, गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकिँदैन, अनुसन्धानको कार्यलाई व्यवस्थित र परिणाममुखी तुल्याउन सकिँदैन", उहाँले भन्नुभयो, "यसै यथार्थलाई मध्यनजर गर्दै प्रतिष्ठानले विराटनगर, भरतपुर, भैरहवामा रहेको सरकारी र सामुदायिक अस्पताललाई शिक्षण अस्पतालका रूपमा विकास गरेको छ ।"

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको तेस्रो दीक्षान्त समारोहलाई सम्बोधन गर्दै उहाँले आगामी दिनमा प्रतिष्ठानले दक्ष प्राविधिक जनशक्तिको उत्पादन, प्रभावकारी सेवा प्रवाह र राष्ट्रिय आवश्यकताको सम्बोधन हुने गरी अनुसन्धानका कामलाई अगाडि बढाउन निर्देशन दिनुभयो ।

प्रधानमन्त्री प्रचण्डले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले आफ्नो दृष्टिकोण, लक्ष्य र उद्देश्यलाई मध्यनजर गर्दै स्वास्थ्य सेवाका लागि विश्वसनीय, सुरक्षित र गुणस्तरीय सेवा प्रदान गर्न, देशमा आवश्यक जनशक्ति उत्पादन गर्न, अनुसन्धान तथा चिकित्सा शिक्षाको विकासमा गरिरहेको प्रयास र पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सरकारी स्वास्थ्य संस्था र प्रतिष्ठानमा सेवा प्रदायक निकाय र व्यक्तिले प्रभावकारी सेवा नदिएको, प्राविधिक सामग्रीको चुस्तदुरुस्त परीक्षण र परिचालन नगरेको, सार्वजनिक स्वास्थ्यको गुणस्तर कमजोर रहेको, पेसागत मर्यादा र आचरणमा स्खलन आएको, मिलेमतोमा सरकारी सम्पत्तिप्रति बेवास्ता र दुरुपयोगसमेत भएको, सेवाग्राहीप्रति विनम्रता र गम्भीरताको कमी रहेको जस्ता जनगुनासो र सार्वजनिक सञ्चारमाध्यममा आएका समाचार हाम्रा लागि गम्भीर विषय हुन्, यस्ता बेथितिमा सुधारका लागि स्वास्थ्य क्षेत्रमा शल्यक्रियाको आवश्यकता महसुस हुन्छ ।"

प्रतिष्ठानबाट यस क्षेत्रमा थप परिस्करणसहित निरन्तरताको अपेक्षा गर्दै सरकारको पूर्ण सहयोग रहने प्रतिबद्धतासमेत उहाँले व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले स्वास्थ्य सेवा प्रवाह, जनशक्ति उत्पादन र अनुसन्धानको क्षेत्रमा महत्वपूर्ण जिम्मेवारी पूरा गर्दै आए पनि सेवाग्राहीको चाप र विकसित नयाँ परिस्थितिका सामु त्यो पर्याप्त देखिँदैन ।"

प्रतिष्ठानबाट दीक्षित हुनुहुने विद्यार्थीका लागि आजको दिन खुसी र विशेष गौरवका दिन भएको प्रधानमन्त्री प्रचण्डको भनाइ थियो । "व्यक्तिगत जीवनका दृष्टिले, सामाजिक उत्तरदायित्वका दृष्टिले, राष्ट्र निर्माणको गुरुतर जिम्मेवारीका दृष्टिले आजको दिन तपाईंहरूका लागि अविस्मरणीय दिन हो", उहाँले भन्नुभयो, "आजको दिन आफ्नो भविष्य एवं देश र जनताप्रतिको उत्तरदायित्वमा थप सङ्कल्प र अठोट गर्ने दिन हो ।"

प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "चिकित्सा विज्ञान प्रतिष्ठानले तपाईंलाई ज्ञान र सीपका साथ उच्चतम उपाधि प्राप्त गर्ने अवसर प्रदान गरेको छ, भविष्यको आधारशिला खडा गरिदिएको छ ।"

उहाँले प्रतिष्ठानबाट प्राप्त ज्ञान, सीप र अनुभवलाई समाजमा सकारात्मक परिवर्तन ल्याउन र जनताको सेवालाई विस्तार र विकासमा योगदान पुऱ्याउने गरी प्रयोग गर्न आग्रह गर्नुभयो । प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "तपाईंहरू स्वयं जिम्मेवार, सक्रिय, जिज्ञासु र कर्तव्यनिष्ठ भएर मात्र दीक्षान्त समारोहले कोरेको मार्गमा अगाडि बढ्न र निरन्तर सफलता हासिल गर्न सक्नुहुनेछ ।"

उहाँले प्रतिष्ठानअन्तर्गत रहेको वीर अस्पतालले आफ्नो उत्पादनमार्फत देशका विभिन्न ठाउँमा विशेषज्ञ सेवा पुऱ्याउन सफल भएको भन्दै त्यसलाई थप विस्तार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सरकारको सेवामा रहेका पाँच सय बढी चिकित्सकले यसै संस्थामार्फत विशेषज्ञता र अति विशेषज्ञताको उपाधि प्राप्त गरी स्वास्थ्य सेवामा योगदान पुऱ्याइरहेका छन् । वर्तमान सरकारले सामाजिक न्याय, सुशासन र समृद्धि आफ्नो मुख्य लक्ष्य बनाएको उल्लेख गर्दै प्रधानमन्त्रीले चुनौतीपूर्ण अवस्थामा रहेको राजनीति र अर्थतन्त्रलाई सकारात्मक दिशा दिन आफू प्रयासरत रहेको बताउनुभयो ।

प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "बदलिएको राजनीतिक व्यवस्थाअनुरूप जनताको अवस्था बदल्न, देशका सम्पूर्ण विकास आयोजनाहरू तोकिएको गुणस्तर र तोकिएकै समयमा निर्माण सम्पन्न गरी समृद्धिको यात्रालाई तीव्रता दिन दृढसङ्कल्पित छौं ।"

सरकारको यस प्रयासमा प्रतिष्ठानको नेतृत्व, आबद्ध चिकित्सक, कर्मचारी र आम सरोकारवाला निकाय तथा व्यक्तित्वको रचनात्मक एवं सकारात्मक प्रयास, सहयोग र प्रतिबद्धता जरुरी रहेको प्रधानमन्त्री प्रचण्डको भनाइ छ ।

नेपालको नयाँ संविधानले स्वास्थ्यको हकलाई जनताको मौलिक हकका रूपमा प्रत्याभूत गर्दै समाजवादउन्मुख स्वास्थ्यको सङ्कल्प रहेको तथ्य पेस गर्दै उहाँले संविधानमा व्यवस्था भएबमोजिम स्वास्थ्यसम्बन्धी हकको व्यावहारिक अभ्यासका निम्ति कानुनी, संस्थागत, संरचनागत र कार्यशैलीगत प्रबन्ध तथा सुधार आवश्यक रहेको बताउनुभयो ।

वर्तमान सरकार संविधानमा व्यवस्था भएबमोजिमका ऐन तर्जुमा गरी स्वास्थ्य सेवालाई निःशुल्क, सर्वसुलभ र विभेदमा पारिएका नागरिकको पहुँच स्थापित हुने गरी कार्यान्वयन गर्न प्रतिबद्ध रहेको प्रधानमन्त्री प्रचण्डको भनाइ छ । त्यसका लागि सरकारका तर्फबाट आवश्यक गृहकार्य र पहल भइरहेको उहाँले जानकारी दिनुभयो ।

# नेपालको कूटनीतिक सम्बन्ध रहेका देशको संख्या १७८ पुग्यो

काठमाडौँ, ५ फागुन (रासस) । नेपाल र मलावी गणतन्त्रबीच कूटनीतिक सम्बन्ध स्थापना भएको छ । योसँगै नेपालको कूटनीतिक सम्बन्ध रहेका देशको सङ्ख्या एक सय ७८ पुगेको छ ।

संयुक्त राष्ट्रसङ्घका लागि नेपालका राजदूत/स्थायी प्रतिनिधि अमृतबहादुर राई र संयुक्त राष्ट्रसङ्घका लागि मलावी गणतन्त्रका राजदूत/स्थायी प्रतिनिधि एग्नेस मेरी चिम्बीरी-मोलान्डेले संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोग, न्यूयोर्कमा एक संक्षिप्त समारोहमा बिहीबार सोसम्बन्धी संयुक्त विज्ञप्तिमा हस्ताक्षर गर्नुभयो ।

हस्ताक्षरपछि दुई देशबीचको कूटनीतिक सम्बन्ध स्थापनाका बारेमा संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेसलाई जानकारी गराउने संयुक्त पत्रमा दुवै राजदूतले हस्ताक्षर गर्नुभएको संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगले जनाएको छ ।

सो अवसरमा दुई राजदूतले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा द्विपक्षीय सहयोगलाई मजबुत बनाउन साझा हितका विभिन्न विषयमा विचारविमर्श गर्नुभएको थियो । उहाँहरूले समूहको साझा हितको संरक्षण र प्रवर्द्धनका लागि संयुक्त राष्ट्र सङ्घलगायत विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा समूहका रूपमा अतिकम विकसित देशको भूमिकाबारे पनि छलफल गर्नुभएको थियो । नेपालले अर्को महिना मलावीबाट एलडिसीको ग्लोबल समन्वय ब्युरोको अध्यक्षको भूमिका सम्हाल्दैछ ।

दक्षिणी अफ्रिकामा अवस्थित, मलावी पनि एक भूपरिवेष्ठित देश हो भने मोजाम्बिक, जाम्बिया र ताञ्जानियासँग यसको सिमाना जोडिएको छ । करिब दुई करोड जनसङ्ख्या रहेको मलावीको कूल क्षेत्रफल एक लाख १८ हजार चार सय ८४ रहेको छ । नेपाल र मलावी दुवै असंलग्न आन्दोलन (एनएएम), ७७ को समूह, अतिकम विकसित देशहरू (एलडिसिज) र भूपरिवेष्ठित विकासशील देशहरू (एलएलडिसिज) का सदस्य हुन् ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# यसपटक विद्यार्थीले समयमै पाउलान् पाठ्यपुस्तक ?

**रमेश लम्साल**
काठमाडौँ, ५ फागुन (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को निर्देशनपछि जनक शिक्षा सामग्री केन्द्रले यस पटक समयमै विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउने लक्ष्यका साथ छपाइ कार्यलाई तीव्रता दिएको छ ।

आगामी चैत १५ गतेभित्र सबै पाठ्यपुस्तक छपाइ गरेर सम्बन्धित क्षेत्रमा पुऱ्याउने लक्ष्यका साथ दैनिक दुई सिफ्टमा पुस्तक छपाइ भइरहेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको उच्चस्तरीय टोलीले बिहीबार जनक शिक्षा समग्री केन्द्रको स्थलगत अनुगमन गरी पाठ्यपुस्तक छपाइको अवस्थाका बारेमा जानकारी लिएको हो ।

केन्द्रले कक्षा छ देखि १० सम्मको कूल एक करोड ५० लाख पाठ्यपुस्तक छाप्नुपर्नेछ । त्यसमध्ये हालसम्म ७९ लाख थान पुस्तक छपाइ भइसकेको छ । बाँकी रहेको पुस्तक आगामी चैत १५ भित्रै छापिइसकिने छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको उच्चस्तरीय टोली, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयका सचिव र सञ्चारकर्मीलगायतको टोलीले केन्द्रको छपाइको अवस्था, पाठ्यपुस्तकको गुणस्तरलगायतका विषयमा सूक्ष्म अध्ययन गरेको थियो ।

केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले यस पटक विद्यार्थीले पाठ्यपुस्तक पाएनन् भन्ने गुनासो सुन्नु नपर्ने गरी काम भइरहेको जानकारी दिनुभयो । उहाँले दैनिक दुई सिफ्टमा काम भइरहेको र आवश्यक कामदारदेखि सबै प्रक्रिया मिलाइएको बताउनुभयो ।

"हरेक वर्ष विद्यार्थीले पुस्तक पाएनन् भनेर चौतर्फी गुनासो आउने गरेको थियो । यस पटक त्यो गुनासो नआउने गरी काम गरिरहेका छौँ । एक महिनाका लागि पुग्ने कागज मौज्दात छ । थप कागज आउने क्रममा छ । हामी युद्धस्तरमा काममा लागिपरेका छौँ", उहाँले भन्नुभयो, "प्रधानमन्त्रीको निर्देशनलाई अक्षरशः कार्यान्वयन गर्ने गरी काम भइरहेको छ ।"

कक्षा एकदेखि पाँचसम्मको पाठ्यपुस्तक छपाइका लागि निजी क्षेत्रलाई जिम्मा दिइएको छ । त्यसका लागि १३ वटा प्रेस तथा छापाखानाको छनोट गरिएको छ । निजी क्षेत्रका छापाखानाले पनि यही फागुनको दोस्रो सातादेखि पुस्तक छाप्ने काम शुरु गर्नेछन् । निजी क्षेत्रलाई पुस्तक छपाइको जिम्मा दिइएको भन्दै यसबीचमा आलोचना पनि भएको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको उच्चस्तरीय टोलीले हरेक दिन छापिएको पुस्तकको विवरण, वितरण केन्द्रमा पठाइएको विवरण तथा छाप्न बाँकी सबै विवरण हरेक दिन उपलब्ध गराउन केन्द्रका प्रबन्ध निर्देशक झालाई निर्देशन दिएको छ ।

एक जना विद्यार्थीले पनि आगामी शैक्षिक शत्रको सुरुआतमा पुस्तक पाइएन भनेर गुनासो गरेको खण्डमा केन्द्रका सम्बद्ध अधिकारीमाथि कारवाही हुने चेतावनीसमेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अधिकारीले दिएका छन् । प्रधानमन्त्री दाहालले यसपटक पाठ्यपुस्तकको समस्या समयमै समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । प्रधानमन्त्रीमा नियुक्त भएलगत्तै उहाँले सरकारका सबै सचिवलाई एकमुष्ठरूपमा जनताको दैनिक जीवसँग जोडिएका समस्या समाधान गर्न निर्देशन दिनुभएको थियो ।

केन्द्रले हरेक दिन एक लाख ६० हजार पुस्तक बाइन्डिङ गर्ने गरेको छ । त्यसलाई बढाएर दुई लाख बढी पुऱ्याउने लक्ष्य राखिएको छ । अन्य कक्षाका पुस्तक छापिने क्रममा रहेपनि कक्षा ८ को भने यस पटक पाठ्यपुस्तक परिवर्तन भएका कारण छपाइमा समस्या हुने हो कि भन्ने आशङ्का देखिएको छ । त्यससम्बन्धमा पनि उच्चस्तरीय टोलीले चासो राखेको थियो ।

केन्द्रका प्रबन्ध निर्देशक झाले कुनै पनि गुनासो नआउने गरी छपाइ सम्पन्न गरी पुस्तक उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभयो । शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले प्रधानमन्त्रीले नै मन्त्रालयसमेत सम्हाल्नुभएकाले उहाँको बढ्ता चासो रहेकाले कुनै पनि बहानामा पुस्तक छपाइमा तलमाथि गर्न नपाइने स्पष्ट निर्देशन दिनुभयो । उहाँले भन्नुभयो,"यसपटक कुनै पनि बहानाबाजी गर्न पाइने छैन । पुस्तक जस्तो सामान्य विषयमा पनि सधैँ समस्या देखिनु हुँदैन । कुनै पनि बहाना गरेर छुट पाइँदैन । छुट दिइँदैन ।"

हरेक वर्ष पुस्तकको विषय राष्ट्रिय महत्त्वको बन्ने गरेको छ । संसदीय समिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्रलगायतले चासो राख्दै पुस्तक छपाइ र वितरणमा समस्या देखिएको बताउने गरेका थिए । यसपटक कुनै पनि निकायले प्रश्न उठाउन नसक्ने गरी काम भइरहेको केन्द्रले जनाएको छ ।

यद्यपि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले भने पुस्तकको गुणस्तरमा समस्या रहेको, छपाइमा पनि समस्या देखिएकाले ती समस्या समाधान गर्न केन्द्रको ध्यानाकर्षण गराएको छ । सचिव सुवेदीले भन्नुभयो, "प्रधानमन्त्री दाहालको यस विषयमा असाध्यै ठूलो चासो छ । हरेक दिनको विवरण उपलब्ध गराउनुहोला ।"

# निर्वाचन आयोगले तोकेको जरिवानाको रकम मिनाहा

काठमाडौँ, ५ फागुन (रासस) ।

राष्ट्रपति विद्यादेवी भण्डारीबाट गत वैशाख ३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचनका उम्मेदवारलाई निर्वाचन आयोगले तोकेको जरिवानाको रकम माफी मिनाहा भएको छ ।

उहाँले मन्त्रिपरिषद्को यही फागुन ४ गतेको बैठकको सिफारिसमा नेपालको संविधानको धारा २७६ बमोजिम सो जरिवानाको रकम माफी मिनाहा गर्नुभएको राष्ट्रपतिको कार्यालयका सहायक प्रवक्ता लीलाकान्त पौडेलद्वारा शुक्रबार जारी विज्ञप्तिमा उल्लेख छ ।

यसैगरी राष्ट्रपति भण्डारीबाट मन्त्रिपरिषद्को फागुन ४ को बैठकको सिफारिसका आधारमा २०७९ फागुन ७ गतेदेखि लागू हुने

***बाँकी अन्तिम पृष्ठमा***

## *राष्ट्रिय हितलाई ....*

लुम्बिनी प्रदेशमा उपाध्यक्ष रामबहादुर थापा, कर्णाली प्रदेशमा उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ, सुदूरपश्चिम प्रदेश उपाध्यक्ष विष्णुप्रसाद पौडेल र विशेष कमिटी (केन्द्रीय कार्यालय)मा महासचिव शङ्कर पोखरेल खटिनुभएको छ ।

यस्तै अभियानमा केन्द्रीय कमिटी सदस्यलाई पालिका तहमा जिम्मेवारी दिइएको छ । प्रत्येक केन्द्रीय सदस्यलाई तीनवटा पालिकामा खटाइएको छ । एमालेको यही माघ २६ गते बसेको सचिवालय बैठकले फागुन र चैत महिनामा पार्टी सुदृढीकरण तथा विस्तार अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

# विश्व समाचार

## टर्कीमा भूकम्प गएको ११ दिनपछि एक किशोरसहित तीनजनाको जीवितै उद्धार

अन्ताक्य, टर्की, ५ फागुन (रासस/एएफपी) ।

टर्कीमा उद्धारकर्मीले भूकम्प गएको ११ दिनपछि तीन जनालाई उद्धार गरेका छन् । टर्कीका उद्धारकर्मीले भूकम्प गएको ११ दिनपछि १४ वर्षीय बालक र अन्य दुई जनालाई उद्धार गरेको टर्कीका एक मन्त्रीले शुक्रबार बताउनुभएको हो । टर्कीको दक्षिणपूर्वी क्षेत्र र सिरियामा गएको ७.८ म्याग्निच्यूडको भूकम्पको २६० घण्टापछि १४ वर्षीय उस्मानलाई उद्धार गरिएको स्वास्थ्यमन्त्री फहरेटिन कोकाले ट्वीटरमा जानकारी गराउनुभएको छ ।

उहाँले तेह्र वर्षीय उस्मानलाई उद्धारपछि स्ट्रेचरमा बोकिरहेको भिडियो पनि पोस्ट गर्नुभएको छ । उहाँको हताय प्रान्तको अन्ताक्यास्थित अस्पतालमा उपचार भइरहेको छ । उद्धारकर्ताले भग्नावशेषमा आवाज सुनेपछि उस्मानलाई फेला पारेको सरकारी समाचार एजेन्सी अनादोलुले अधिकारीहरूलाई उद्धृत गरी उल्लेख गरेको छ । उद्धारकर्मीले बिहीबार नै अन्ताक्यामा २६ र ३३ वर्षका अन्य दुई जनालाई उद्धार गरेको कोकाले बताउनुभयो ।

एघारौं दिनमा उद्धार गरिएका २६ वर्षीय मेहमत अली साकिरोग्लु र ३३ वर्षीय मुस्तफा अव्सीलाई उस्मानलाई उद्धार गरिएकै स्थानको भवनको भग्नावशेषबाट उद्धार गरिएको डीएचए समाचार एजेन्सीले जनाएको छ ।

"म ठीक छु, मलाई कुनै समस्या छैन," कोकाले सार्वजनिक गरेको भिडियोमा प्रियजनलाई कल गर्ने क्रममा अव्सीले भन्नुभयो । अव्सीले आफ्नो उद्धारपछि आफ्नी आमाको अवस्थाबारे सोध्नुभएको थियो । भिडियोमा उहाँले 'मेरी आमा र अरूलाई कस्तो छ?' भनी सोधेपछि कसैले 'तिनीहरू सबै ठीक छन्, तिनीहरू तपाईंको प्रतिक्षामा छन्' भनिएको देख्न सकिन्छ । प्रतिक्रियापछि अव्सीको अनुहारमा राहतको छोटो मुस्कान देखिएको छ ।

भूकम्पका कारण टर्की र सिरियामा ४१ हजारभन्दा बढी को मृत्यु भएको छ भने हजारौं घाइते भएका छन् भने लाखौं मानिस चिसो तापक्रममा आश्रयविहीन भएका छन् ।भूकम्पको धक्का टर्कीका ११ प्रान्तमा महशुस गरिएको थियो । टर्कीका अधिकारीहरूले अदाना, किलिस र सानलियुर्फा प्रान्तमा उद्धार कार्य पूरा भएको बताएका छन् ।

## हङकङको जनसंख्या घट्दो क्रममा

हङकङ, ५ फागुन (रासस सिन्ह्वा) ।

सन् २०२१ को तुलनामा सन् २०२२ मा हङकङको जनसङ्ख्या घटेको पाइएको छ । सन् २०२१ को अन्त्यमा ७४ लाख एक हजार पाँच सय रहेको यहाँको जनसङ्ख्या गत वर्षको अन्त्यमा शून्य दशमलव नौ प्रतिशतले घटेको हङकङ विशेष प्रशासनिक क्षेत्र सरकारले जनाएको छ ।

सन् २०२२ को अन्त्यमा यहाँको जनसङ्ख्या ७३ लाख ३३ हजार दुई सय अभिलेखीकरण भएको थियो । त्यस वर्ष ३२ हजार पाँच सय शिशुको जन्म भयो भने ६२ हजार एक सय जनको मृत्यु भएको जनगणना विभागले बताएको छ । कोरोना महामारीका कारण मृत्युको अनुपात बढेको अनुमान गरिएको छ ।

यसैबीच, हङकङले चिनियाँ मुख्य भूमि र विश्वका अन्य देशबाट पर्यटक भित्र्याउन कोभिडसम्बन्धी सबै प्रतिबन्ध हटाएपछि यहाँको अर्थतन्त्र गतिशील हुने ठानिएको छ । पाँच लाख पर्यटकलाई निःशुल्क यात्राको व्यवस्था मिलाउने घोषणा विशेष प्रशासनिक क्षेत्र सरकारले गरेको छ ।

## युक्रेन सम्बन्धमा रूसलाई 'दबाब' दिन इटालीको आग्रह

रोम, ५ फागुन (रासस/सिन्ह्वा) ।

युक्रेनमा 'न्यायोचित शान्ति' खोज्न रूसलाई दबाब दिन इटालीले चीनसँग आग्रह गरेको छ । इटालीका विदेशमन्त्री एन्टोनियो ताजानीले बिहीबार रोम भ्रमणमा रहेका आफ्ना चिनियाँ समकक्षीलाई युक्रेनमा जारी युद्ध रोक्न रूसलाई दबाब दिन आग्रह गर्नुभएको हो ।

चिनियाँ विदेशमन्त्री वाङ यीसँगको वार्तापछि ताजानीले जारी गरेको वक्तव्यमा भनिएको छ, "शान्तिको दिशामा अघि बढ्न चीनले आधारभूत भूमिका खेल्नुपर्छ ।""बेइजिङले यस दिशामा प्रतिबद्धता जनाउन तयार छ भन्नेमा म विश्वस्त छु," उहाँले भन्नुभयो ।

युरोपेली भ्रमणको अन्त्यमा वाङले रूसको भ्रमण गर्ने कार्यक्रम रहेको छ ।वाङसँगको वार्तामा ताजानीले कूटनीति, प्रभावकारी प्रतिबन्ध, मानवीय सहायता र 'न्यायोचित शान्ति'का लागि वातावरण निर्माण गर्न रूसलाई दबाब दिनुपर्ने आवश्यकतालाई दोहोऱ्याउनुभएको थियो ।

याङले बुधबार पेरिसको भ्रमण गर्दा उहाँ र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँबीच युक्रेनमा 'शान्तिस्थापनाका लागि' योगदान गर्न सहमति भएको फ्रान्सको राष्ट्रपतिको कार्यालयले जनाएको छ । सन् २०२१ मा चीनमा मुस्लिम उइगर समुदायमाथि दमन भएको भन्दै विरोधमा बेइजिङमाथि प्रतिबन्ध लगाएपछि चीन र युरोपियन युनियनबीचको सम्बन्ध तनावपूर्ण बनेको छ । जवाफमा चीनले पनि ईयूविरूद्ध केही प्रतिबन्ध लगाएको थियो ।

# ३० वर्ष पछी सडक निर्माण



**दैनिक समाचारदाता**
**राजविराज, ५ फागुन ।**

तीन दशकको लामो पखाईपछी राजविराजको भलुवाही बस्ती हुँदै बसपार्क जोड्ने सडक निर्माण भएको छ ।

राजबिराज वडा २ स्थित भलुवाही बस्ती हुँदै बसपार्क जोड्ने उक्त बाटो निर्माण भएपछि स्थानियवासी खुशी भएका छन । राजदेबी सडक खण्ड अन्तर्गत बसपार्क, पुरानो सलाई मिल हुँदै भलुवाही नदि देखी गजेन्द्र चौकसम्म सिधा जोडने उक्त एक मात्र बाटो निर्माण भएपछि स्थानियवासीखुशी भएका हुन ।

विगत ३० वर्ष देखी चलनचल्तिमा रहेपनि बाटो जिर्ण हुदा समस्या झेली रहेका थियौ, स्थानीयवासी पवन मिश्राले भने- अहिले सडक ढलान निर्माण कार्य सम्पन्न भएपछी बर्षौ देखीको सपना पुरा भएको छ ।

सडक बोर्ड तथा राजबिराज नगरपालिकाको ५० लाखको लगानीमा उक्त सडक निर्माण कार्य सम्पन्न भएको कावा नगरप्रमुख ईसरत परविनले बताईन ।

पाँच मिटर चौडाई र २ सय मिटर लम्बाइ भएको उक्त सडकको शुक्रवार कावा प्रमुख इशरत परविन, प्रमुख प्रशासकिय अधिकृत सोनु कुमार सोनु, वडा अध्यक्ष अरुण यादव, योजना अधिकृत मनोज यादव, उपभोक्ता समितीका अध्यक्ष मिरा देवी साह, सचिव शम्भु प्रसाद देव लगायतको टोलीले निरिक्षण गरेका छन् ।

### निर्वाचन आयोगले ...

गरी विष्णुकुमार लिम्बुसमेतका तीन सय ८१ जना कैदीहरूको भुक्तान हुन बाँकी कैद सजाय नेपालको संविधानको धारा २७६, फौजदारी कसुर ( सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ तथा ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२ बमोजिम प्रजातन्त्र दिवस, २०७९ को उपलक्ष्यमा माफी भएको छ ।

राष्ट्रपति भण्डारीबाट फागुन ४ गतेको बैठकको सिफारिसका आधारमा पुष्कर गौतमसमेतका १४ जना व्यक्तिलाई विभिन्न अदालतबाट विभिन्न मितिमा भएका फैसलाबमोजिम लागेको सजाय नेपालको संविधानको धारा २७६ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ बमोजिम प्रजातन्त्र दिवस, २०७९ को उपलक्ष्यमा माफी भएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

# लागू औषधसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ५ फागुन ।**

भारतबाट नेपालतर्फ आउँदै गरेका एक युवकलाई प्रहरीले लागु औषधसहित पक्राउ गरेको छ ।

सप्तरीको बोदेबरसाईन नगरपालिका ९ सशस्त्र प्रहरी बल, नेपाल बोडर आउट पोष्ट स्वर्णपट्टी सप्तरीबाट खटिएको टोलीले भारतबाट नेपालतर्फ पैदल आउदै गरेका खडक नगरपालिका १० फुलबरीया वस्ने ३१ वर्षिय सुन्दर मण्डललाई लागु औषधसहित पक्राउ गरेको हो ।

प्रहरीलाई शंका लागि चेक जाँच गर्दा पक्राउ परेका मण्डलले लगाएको ज्याकेटको गोजिबाट लुकाई छिपाई राखेको लागु औषध डाइजेपाम ३४ प्रति, फेनारगन इन्जेक्शन ३५ प्रति र नोफिन इन्जेक्शन ३५ प्रति बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

लागू औषधसहित पक्राउ परेका मण्डललाई आवश्यक अनुसन्धानका लागि ईलाका प्रहरी कार्यालय कडरबोना सप्तरीमा राखिएको छ ।

# नेपाली संस्कृति र विकास क्षेत्रमा नेपाल भारत सहकार्य सम्बन्धी गोष्ठी सम्पन्न




**दैनिक समाचारदाता**
**चितवन, ५ फागुन ।**

राष्ट्रिय एकता अभियानले शुक्रवार चितवनमा 'नेपाली संस्कृति र विकास क्षेत्रमा नेपाल भारत सहकार्य' विषयक विचार गोष्ठी सम्पन्न गरेको छ ।

चितवनको नारायणघाटमा कार्यक्रमको आयोजना गरिएको थियो । कमला सिलवालको अध्यक्षता र अभियानकी राष्ट्रिय उपाध्यक्ष सुनीता साहको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा देव श्रेष्ठ, कविता शर्मा, प्रभाकर भूषाल, गंगा प्रसाद साह, मनु तमाङलगायतको समेत उपस्थिती थियो ।

कार्यक्रममा दुई देशबीचको भौगोलिक, सांस्कृतिक, व्यापारिक र राजनीतसम्वन्धका विषयमा जानकारी आदानप्रदान गरिएको थियो । कार्यक्रमका वक्ताहरुले भारत र नेपालको आत्मा एकै भएको तर्क गर्दै नेपालको विकासमा भारतले पुर्याईरहेको योगदानको कदर गर्नुपर्ने बताए ।

कार्यक्रमका वक्ताहरुले नेपाली संस्कृति र विकासको क्षेत्रमा नेपाल-भारत बीचको सहकार्य उदाहरणीय रहेको भन्दै त्यसलाई अझ बलियो पार्न सनातन धर्म संस्कृतिको संरक्षण जरुरी रहेको बताए। उनीहरुले सनातन धर्म संस्कृतिले मात्र देशको राष्ट्रियता जोगिने बताए ।

# हात्तीपाइलेविरुद्ध औषधि सेवन कार्यक्रम १५ जिल्लामा संचालन हुँदै

काठमाडौं, ५ फागुन (रासस) ।

राष्ट्रिय हात्तीपाइले रोग निवारणका लागि आम औषधि सेवन कार्यक्रम यही फागुन ११ गतेदेखि सुरु हुनेभएको छ । रोग देखापरेको छ प्रदेशका १५ जिल्लामा औषधि सेवन कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासका अनुसार झापा, मोरङ, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, रसुवा, लमजुङ, पर्वत, बाग्लुङ, कपिलवस्तु, दाङ, बाँके र कैलाली जिल्लामा यस वर्ष औषधि खुवाउने कार्यक्रम सञ्चालन हुनेछ । उहाँले भन्नुभयो, “१५ जिल्लाका ८५ लाख जनसङ्ख्यामा हात्तीपाइले रोग समस्याका रुपमा रहेको छ । यस रोगलाई सन् २०३० सम्म निवारण गर्ने लक्ष्य पूरा गर्नका लागि औषधि सेवन कार्यक्रम प्रभावकारी बनाउन आवश्यक छ ।”

सन् २००३ देखि ६४ जिल्लामा सञ्चालन गरिएको अभियान अहिले १४ जिल्लामा सञ्चालन हुँदै आएको छ । यी जिल्लाका बासिन्दामा हात्तीपाइले रोगविरुद्ध हरेक दुई-दुई वर्षमा रगत परीक्षण गर्दा पनि अपेक्षाकृतरुपमा नघटेकाले अभियान आयोजना गरिएको हो । थप गरिएको एक जिल्ला रसुवामा हात्तीपाइले रोगको सङ्क्रमण देखिएपछि औषधि सेवनको अभियान सञ्चालन हुन लागको छ ।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं**
- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो।
- आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्वपूर्ण हुन्छ।
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो।
- मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ।

त्यसैले,
प्रजातान्त्रिक आचरण, सँस्कार र व्यवहारको अवलम्बन गरौं।

७३ औं राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np